जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः १४३ पृष्ठः ४ | २०८१ असोज १५ गते मंगलबार (Tuesday 01 Oct. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## पेट्रोलियम पदार्थको मूल्य घटयो

काठमाडौं, १४ असोज। नेपाल आयल निगमले पेट्रोल, डिजेल, मट्टितेल र हवाइ इन्धनको मूल्य घटाएको छ। सोमबार साँझ बसेको आयल निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर १ रुपैयाँ मट्टितेल तथा डिजेलमा प्रतिलिटर २ रुपैयाँ र हवाइ इन्धनको मूल्य प्रतिलिटिर ६ रुपैयाँ घटाएको छ। मूल्य घटेपछि चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज क्षेत्रमा पेट्रोलको मूल्य प्रतिलिटर १५५ र डिजेल र मट्टितेल १४६ रुपैयाँ कायम भएको छ। त्यस्तै सुर्खेत र दाङमा पेट्रोलको मूल्य १५७ र डिजेल तथा मट्टितेल १४६ रुपैयाँ कायम भएको छ। काठमाडौं, पोखरा र दिपायल क्षेत्रमा पेट्रोलको मूल्य १५८ रुपैयाँ र डिजले तथा मट्टितेलको मूल्य १४७ प्रतिलिटर कायम भएको छ।

**-बाँकी तीन पेजमा**



**रुख ढल्दा विद्युत् सेवा अवरुद्ध** : लहान नगरपालिका-२ मिलनचोका तीन दिनदेखि विद्युत् सेवा अवरुद्ध भएको छ। लहान-२ मिलनचोकको भवरा नहरको किनारमा रहेको वरको रुख ढल्दा विद्युतको तारमा क्षति पुगेको थियो। यसबाट करिब २० घरपरिवारमा प्रभावित भएका छन्। गत शनिबार वर्षा भइरहेको समयमा रुख दिनेश यादव र श्यामलाल यादवको घरमा ढलेपछि उनीहरूको परिवार बिचल्लीमा परेका छन्। रुख हटाएर विद्युत् सेवा सञ्चालन गर्न पहल भइरहेको लहान-२ का वडाध्यक्ष सियाराम यादवले बताए। उनले भने, "वन कार्यालयसँग समन्वय गरी रुख हटाउने प्रयास गरिएको छ। सम्भवतः आज वन कार्यालयको प्राविधिक टोलीले रुख हटाउने छ। रुख हटाएपछि विद्युत् प्राधिकरण लहान वितरण केन्द्रमा सेवा सञ्चालनका लागि अनुरोध गर्छौं।" डिभिजन वन कार्यालय लहानका सूचना अधिकारी राधेश्याम चौधरीले रुख हटाउने तयारी गरिएको जानकारी दिए। रुख हटाउन ढिला हुँदा पुनः ढल्ने सम्भावना भएकाले घरभित्र बस्न समस्या भएको पीडित श्यामलालले बताए।

## समुदायमा संचालित कार्यक्रमको सामाजिक लेखाजोखा



लहान, १४ असोज । विभिन्न दातृ संस्थाहरुको साझेदारीमा सिरहाको लहान १० स्थित दलित जनकल्याण युवा क्लबद्वारा जिल्लाको लहान तथा धनगढीमाई नगरपालिका र सखुवानन्कारकट्टी, लक्ष्मीपुरपतारी, बरियारपट्टी, औरही गाउँपालिकामा संचालित समुदाय स्तरीय कार्यक्रमको सामाजिक लेखाजोखा गरिएको छ। लहानमा सोमबार आयोजित १८ औं सामाजिक लेखाजोखा कार्यक्रममार्फत् सम्बन्धित पालिकाका जनप्रतिनिधि, सेवाग्राही, सरोकारवालाहरुले एक्सन एड नेपाल, वाटर एड, द फ्रिडम फण्ड र एमसीसीको साझेदारीमा संचालित समुदाय स्तरीय कार्यक्रमहरुको प्रभाव मूल्यांकनसहित कार्यक्रमलाई थप समुदायमुखी बनाउन सल्लाह सुझाव दिए। लेखाजोखा कार्यक्रममा प्रमुख अतिथिको रुपमा जिल्ला समन्वय समिति सिरहाका प्रमुख दिनेशकुमार महतोले क्लवले समुदाय तहमा गरेको कार्यक्रमहरुको आफूले पनि पटक पटक समुदायमै गएर अनुगमन गरेको जानकारी दिँदै त्यसले समुदायलाई पुऱ्याएको फाइदा उल्लेखनीय रहेको औंल्याए।

लेखाजोखा कार्यक्रममा प्रस्तुत स्थानीय अधिकार कार्यक्रम, विकन परियोजना, हरवा चरवा सशक्तिकरण कार्यक्रमको क्रियाकलाप, आय व्यय विवरण आफ्नोतर्फबाट पारित भएको घोषणा गर्दै उनले समुदायको सशक्तिकरणका लागि गरिने क्रियाकलापहरुको अन्य संघ संस्थाहरुले पनि लेखाजोखा गर्नुपर्ने आग्रह गरे। 'संघ संस्थाहरुले कार्यक्रम संचालन पूर्व जिल्ला समन्वय समितिबाट पूर्वस्वीकृति लिन जरुरी छ' उनले भने 'क्लवसँग साझेदारी गरिरहेका नयाँ परियोजनाहरुमा पनि जिल्ला समन्वय समितिको अनुगमन मूल्यांकन गर्दा सहभागिता अनिवार्य गर्नुहोला।' सामाजिक संघ संस्थाहरुले गरेको सामाजिक सशक्तिकरण कार्यक्रमले छिमेकी मुलुक भारतको राजस्थान प्रान्तको अलवर जिल्लाको डोम समुदायमको अवस्था उकासेको चर्चा गर्दै उनले सिरहामा पनि सामाजिक संस्थाको रुपमा रहेको क्लवले गरेको

**-बाँकी तीन पेजमा**

## मधेस प्रदेशका प्रमुखसमक्ष अख्तियारको प्रतिवेदन पेस

धनुषा, १४ असोज। मधेस प्रदेशका प्रमुख सुमित्रा सुवेदी भण्डारी समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबास कार्यालयले ३४औँ वार्षिक प्रतिवेदन पेस गरेको छ। कार्यालयका प्रमुख सह-सचिव रामबहादुर कुरुवाङ्गले सोमबार प्रदेश प्रमुख भण्डारीलाई प्रदेश प्रमुखको सचिवालय मधेस भवनमा पुगेर आयोगको आर्थिक वर्ष २०८०/८१ को प्रतिवेदन हस्तान्तरण गरेका हुन्। प्रदेश प्रमुख भण्डारीले प्रतिवेदन ग्रहण गर्दै सुशासनको



अभावमा समृद्ध नेपाल तथा सुखी नेपालीको अभियान पूरा गर्न नसकिने भएकाले सुशासन र आर्थिक पारदर्शीता कायम गराउनमा अख्तियारको भूमिका महत्त्वपूर्ण भएको बताए।

उनले अख्तियारको प्रतिवेदनमा प्रदेशबाट अनियमिततासम्बन्धी बढी उजुरी परेको विषयमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताउँदै आर्थिक अनुशासन तथा पारदर्शीता स्थापनाका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराउने उल्लेख गरे। अख्तियारको बर्दिबास कार्यालयका प्रमुख रामबहादुर कुरुवाङ्गले अख्तियारमा मधेस प्रदेशका मात्र १० हजार उजुरी रहेको परेको उल्लेख गर्दै कुल उजुरीमध्ये ८० प्रतिशत स्थानीय तहसम्बन्धी भएको जानकारी दिए। जिल्लागत रुपमा सबैभन्दा बढी उजुरी धनुषाको रहेको जनाइएको छ। उनका अनुसार आर्थिक वर्ष २०८०/८१ मा धनुषा जिल्लाबाट मात्रै एक हजार एक सय वटा उजुरी परेका छन्। साथै सबैभन्दा कम सर्लाहीबाट छ सय नौ वटा उजुरी परेको जनाइएको छ।

प्रदेशको आठ जिल्लाबाट उक्त

**-बाँकी दुई पेजमा**

## 'श्री ५ लाई हटाउने माओवादी श्री ३ बनेको हो ?'



धनुषा, १४ असोज। तीन महिनापछि बसेको सबैला नगरपालिकाको नगरसभा तीन घण्टामै बिथोलिएको छ। नगर प्रमुख कारीराम यादवले कानुन विपरित नगरसभा गर्न खोजेपछि आफुले बहिष्कार गरेको र वडा अध्यक्षहरुले बिथोलेको उपप्रमुख रहिमा खातुनले जानकारी दिइन्। 'योजना तर्जुमा भएकै छैन। राजश्व परमार्श समितिको बैठक बसेको छैन।

**-बाँकी दुई पेजमा**




## धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवनका असर

- दम, निमोनिया, ब्रोन्काईटिसजस्ता श्वासप्रश्वाससम्बन्धी समस्या देखा पर्ने,
- बारम्बार रुघाखोकी लाग्ने,
- कानको संक्रमण भई श्रवण शक्ति कम हुने,
- क्यान्सरको सम्भावना बढ्ने भएकोले,
- धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन आफू पनि नगरौं, अरुलाई पनि गर्नबाट निरुत्साहित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## चेत पाउन कतिपटक कहर भोग्नुपर्ने हो ?

'परेर पनि नचेत्ने' नेपाली जनता र शासकको स्वभाव बनिसकेको छ। यसैले बर्सेनि बाढी, पहिरो, डुबान, कटानको कहर सहनु पर्दा पनि हामी चेतेका छैनौ। नत्र, एउटै ठाउँमा पटक पटक पहिरो वा बाढीको चपेटामा पक्कै पर्नुपर्ने थिएन। जनसाधारणसँग त अधिकांश अवस्थामा विकल्प पनि हुँदैन। आफ्नो जमिन बाढी, पहिरो, कटान वा डुबानको जोखिम भएको ठाउँमा जहाँ भए पनि खेती त्यहीँ गर्नुपर्‍यो। काम विशेषले कतै जानुपर्दा राजमार्गमा सार्वजनिक सवारी सधानबाटै यात्रा नगरी सुख हुँदैन। राज्यमा भने शासक थोरैमात्रै पनि दूरदर्शी र संवेदनशील भइदिएको भए जनताले पनि विकल्प पाउँथे। मूलतः शासकहरूले प्रकृतिको अनुचित दोहन गर्ने लोभ नगरेको भए अहिले भोग्नु परेको कतिपय विपत्ति आइलाग्ने नै थिएनन् भने अधिकांशको भयावहता निकै कम हुनेथियो।

पीडितहरूलाई आकस्मिक सहायता पुऱ्याएपछि सरकारले त बिर्सने गरेकै छ बाढी, पहिरोको कहर भोग्नेहरूले पनि त्यसको कारण र निराकरणको उपाय खोज्ने झन्झट गर्दैनन्। अर्कोपटक उस्तै विपत्ति आइलागेपछि कि त भाग्यलाई दोष दिन्छन् नभए भवितव्य भनेर चित्त बुझाउँछन्। यसैले अब त यस्तो कहर नियमितरूपमा भोग्नु हाम्रो नियति नै हुनपुगेको छ। नदी वा खोलाको किनारमा दैत्याकारको स्काभेटर चलाएर खोतलेका कारण खोलाले बाटो बदल्दा विध्वंश भएको हुन्छ। तर, अहिलेसम्म त्यो कुकर्म गर्नेहरूलाई विध्वंशका लागि जिम्मेवार ठहऱ्याउने गरिएको छैन। कलिला र कतिपय त खुरिखन्डे पखेरामा डोजर लगाएर बाटमा नाममा जथाभावी खोस्रिँदा पाखै पहिरो भएर बगेर गएको छ। त्यहाँको जमिनले धान्नै नसक्ने बाटो बनाउन लगाउने जनप्रतिनिधि वा डिजाइन गर्ने प्राविधिकलाई भने कसैले पनि औँला उठाउने गरेको छैनन्।

सम्भवतः यही कारणले पनि राजनीतिक नेताहरू बेलाबखत कहिले काली गण्डकी थुनेर अर्कै खोलामा खसाल्ने वा कहिले चुरे खोस्रेर ढुंगा बेच्नेजस्ता बहुलट्ठीपूर्ण योजना अगाडि सार्न हौसिन्छन्। 'बूढो बाघको सुनको बाला'मा लोभिएका शासकहरूले द्रव्यपिचासहरूको भाषा बोलेको जनताले भने थाहै पाउँदैनन्। अब पनि यो नियतिवाद र बदनियतको दुश्चक्र नटुटाउने हो भने प्राकृतिक विपत्तिको भयावहता झन् झन् बढ्दै जानेछ भने यो कथित 'भवितव्य'को चक्र पनि नियमितजस्तै हुनेछ। यसैले अहिलेको विपत्तिको गम्भीर विश्लेषण गरेर त्यसको कारण निवारण गर्ने अठोट सरकार र समाजले गर्नुपर्छ। कम्तीमा विस्तृत भौगर्भिक अध्ययन नगरी डाँडा खोस्रन र नदी वा खोलाका किनार खोतल्न तत्काल प्रतिबन्ध लगाउनुपर्छ। अहिलेको विध्वंशका अनुपातमा खोला खोतलेर भएको आय वा डाँडा खोस्रेर भएको हिडँदे सुविधा नगन्य हुन्छ। विध्वंश नहुने भएमात्र डाँडामा बाटो बनाउने र खोलाका ढुंगा बालुवा झिक्ने गरौँ।




### 'श्री ५ लाई हटाउने...

यस्तो अवस्थामा परामर्श समितिको राय बिनै कसरी हुन्छ नगरसभा ?' नगर उपप्रमुख खातुनले भनिन्, 'हामीले विधि प्रक्रिया अनुरुप नगरसभा बस्न माग गरिरहेका छौं। नगर प्रमुखले जबरजस्ती गर्न खोज्छन्। नगरसभामा पनि जबरजस्ती गर्न पाइन्छ ?' उपप्रमुख खातुनले नगर प्रमुख कारीराम यादवको हरेक क्रियाकलाप तानाशाही शैलीमा प्रदर्शन भइरहेको आरोप लगाइन्। 'हिजो श्री ५ लाई हटाउने माओवादी आज श्री ३ कसरी बन्यो ?' नगर उपप्रमुख खातुनले प्रश्न गरिन्।

सोमबार दिउँसो ठिल्लास्थित सरस्वति माविको सभाहलमा आयोजित नगरसभा बहिष्कार गरी नगर उपप्रमुख खातुन बाहिर निस्केपछि वडा अध्यक्षहरुले माइन्यूट च्यातिदिएर सभा बिथोलिदिएका हुन्। सबैला -११ का वडा अध्यक्ष सरोज यादवले माइन्यूट च्यातेपछि वडा नम्बर ७, ९, १०, १२ र १३ का वडा अध्यक्षहरु क्रमशः रामदेव सहनी, मनिष राय, राजकुमार साह, रामनारायण अधिकारी र देवनारायण महतोले पनि साथ दिएका थिए।

### मधेस प्रदेशका...

आवमा छ हजार तीन सय २४ उजुरी दर्ता भएका छन्। नयाँ दर्ता भएका उजुरी र पुरानो उजुरी गरेर आठ हजार पाँच सय २९ रहेकामा छ हजार चार सय ७२ वटा फर्छ्यौट भएका कार्यालयको भनाइ छ।

# सन्दर्भः क. दानी ब. थापाको १४औं स्मृति दिवस

## संघर्षका प्रतिमूर्ति : दानीदाई


रामरिझन यादव

विक्रमको तीस र चालिसको दशकतिर काठमाडौंको वामवृत्तमा एउटा थेगो खुबै प्रचलित थियो 'सिरहाको रुखका पातहरु पनि राता हुन्छन्।' पंचायती व्यवस्थाको कठोर काला रात्रीमा वामपंथीहरुबीच प्रचलनमा रहेको यो भनाई अहिलेको पुस्ताको लागि एउटा पठनीय सामग्री बन्न सक्छन्। अनुसंधान र अन्वेषणको खुराक बन्न सक्छ। सिरहा जिल्लाको वर्तमान राजनीतिक स्वरुपले पनि अतितको गरिमामय धरोहरलाई परिलक्षित गरेको देखिन्छ। गत चुनावले त सचित्र नै प्रस्तुत गरेको देखियो। जिल्लामा वामपंथीहरुको वर्चश्व यसको ज्वलन्त उदाहरण हो। वास्तवमा भन्ने हो भने जिल्लाको स्थापना काल २०१८ सालमा नेपाल कम्युनिष्ट पार्टी एकीकृत अवस्थामा भए पनि दरभंगा प्लेनमपश्चात पार्टी छिन्नभिन्न हुन थाल्यो। तर, सो प्लेनमबाट एकिकृत कम्युनिष्ट पार्टीको केन्द्रीय समितिमा पुगेका सिरहा कर्जन्हाका क. जयगोविन्द साहको साहसी र ओजस्वी नेतृत्वमा सिरहाली वाम आन्दोलनले जुन उचाई प्राप्त गऱ्यो त्यसैको फलस्वरुप काठमाडौंको वामवृत्तमा प्रचलित यो थेगोले सिरहाको गरिमा बढाएको हो। यही ओजपूर्ण आन्दोलनका उत्पादन हुन् -क. दानी ब. थापा। जसले सिरहाको उत्तरी भेकमा रहेका किसान र मजदूरहरुको शोषण दमन र उत्पीडनलाई मार्क्सवाद लेनिनवाद तथा माओत्सेतुङग विचारधाराको सशक्त हतियार वर्ग संघर्षको माध्यमबाट नौलो जनवादी क्रान्ति सम्पन्न गर्न आफ्नो सम्पूर्ण जीवनलाई समर्पित गरे। आज तिनै विभूतिको १४ औं स्मृति दिवसको अवसरमा केही कुरा कोर्न बस्दा अतितका दिनहरु स्मरण भएर आएका छन्।

**वैभवपूर्ण जीवनबाट सर्वहाराकरण :**

कतिपयले भौतिकवाद र अध्यात्मवाद एक अर्काका पूरक हुन् भन्ने कुरा पनि नफलाकेका होइनन्। जतिबेला पार्टीगत वा व्यक्तिगत स्वार्थमा कहींकतैबाट ठेस पुगेको वा कमजोर पार्न थालिएको महसुस भयो भने त्यतिबेला नेताहरु आफ्नो नीहित स्वार्थ अनुकूल विचार र सिद्धान्त प्रतिपादन गर्ने गरेको दखिन्छ। जो कालान्तरमा झूठो साबित भएका छन्। बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् भ्रष्टचारलाई संस्थागत बनाउने श्रेय गिरिजा प्र. कोइरालालाई जान्छ। तत्कालीन राजा ज्ञानेन्द्रले भ्रष्टहरुलाई ठेगान लगाउन थालेपछि माले, मशाले र मण्डले एकै हुन भन्न नथाक्ने कांग्रेस सुप्रिमो कोइरालाले विराटनगरमा आयोजित एक कार्यक्रममा अध्यात्मवादसंग भौतिकवादलाई जोडेर भाषण गरेको मैले सुनेको हुँ। अहिले पनि सिंहदरवारको सत्ताले गिरिजा प्र. कोइरालाको त्यो भनाईलाई चरितार्थ साबित गरेको छ। होइन भने रातारात ओली र देउबाले घाँटी जोड्ने थिएनन्। जब भूटानी शरणार्थी प्रकरण र गिरीबन्धु टी स्टेट काण्डको अन्तर्यलाई तत्कालीन गृहमंत्री नारायणकाजी श्रेष्ठले गमभीरतापूर्वक केलाउन थालेको सुइको पाएका शेरबहादुर र ओलि व्यक्तिगत स्वार्थको कारण सत्ता समीकरणको मतियार बन्न पुगे।

ऐतिहासिक रुपले यो तथ्यलाई पुष्टि गर्न एउटा उदाहरण नै प्रयाप्त हुन्छ। तत्कालीन नेपालको माओत्सेतुङ्ग भनेर चिनिने मोहन विक्रम सिंहले गद्दार पुष्पलाल नामको पुस्तक लेखेकै हुन्। माओ र चायोको नामबाट परिचित क. निर्मल लामा र क. मोहन विक्रम सिंहको तू तू मैं मैं को व्यक्तित्त्व टकरावको कारण नेकपा(चौथो महाधिवेशन) फुटेकै हो। तर, नेताका यी व्यक्तिगत कुरालाई रतिभर प्रवाह नगर्ने कार्यकर्ताहरु आफ्नो सुख वैभवको जिन्दगीमात्र होइन, आर्जन गर्दै गरेको शिक्षाजस्तो पवित्र संस्कारलाई समेत बुर्जुवाको संज्ञा दिदै परित्याग गरेको इतिहास आलै छ। क. दानी बहादुर थापा तिनै इमान्दार र कर्तव्यनिष्ठ कार्यकर्तामध्ये एक थिए जसले आफ्नो वैभवशील र उन्नतशील जीवनलाई यसरी सर्वहाराकरण गरे कि आज पनि उनको त्याग र तपश्या सिरहाली जनताको माझमा उदाहरण बनेको छ।

विद्यार्थीकालमा नै धोबीबाट धोइएको कपडा लगाउने र सिरहा स्कूल पढ्न जाँदा उनको घोडाको सवारी हेर्नेहरु अझै पनि जीवित छन्। एउटा सम्भ्रान्त र मझौला खाले जमीन्दार परिवारमा जन्मेका क. दानी बहादुर थापाले सिरहाली क्रान्तिकारी कम्युनिष्ट आन्दोलनलाई उचाईमा पुऱ्याउन आफ्नो सम्पूर्ण जीवनलाई जसरी खर्चे त्यो सबै शोषित पीडित तथा उत्पीडितको लागि प्रेरणाको श्रोत बन्न पुग्यो।

त्यसैले पार्टीगत, व्यक्तिगत तथा गुटगत स्वार्थको कारण सिद्धान्तलाई बंग्याउने नेपाली नेताहरुको चालचलनले गर्दा नै आज मुलुकको यो दुर्दशा हुन पुगेको हो। भौतिकवादको भट्टीबाट उत्पादित कार्यकतालाई ब्रह्मले ब्रह्माण्डलाई चुटकीको बलमा श्रृष्टि गरेको उरन्ड्याउले सिद्धान्तलाई जीवनमार्ग बनाउनेहरुसंगको सहकार्य कहिल्यै पनि टिकेको उदाहरण छैन। स्वार्थमा धक्का पुग्नसाथ त्यो बारम्बार भताभुङ भएका छन्। सिरहा अम्बासको दुई तले घरमा क. पानबीर विश्वकर्माले केपि आलिलाई साक्षी राखेर क. मदन भण्डारीलाई महासचिवको टिको लगाउँदा नेपाली वामआन्दोलन सत्तास्वार्थको लागि यति हदसम्म तल झर्छ भन्ने कुरा कहिल्यै चिताएका थिएनन् होला। त्यस्तै वर्गदुश्मनलाई कुनै पनि हालतमा छोड्नु हुँदैन भन्ने



पाठ पढाएका क.प्रचण्डले सत्ता र शक्तिको मदमा सिद्धान्त र विचारलाई ताकमा राखेकै हुन्। अध्यात्मवादमा जसरी एउटा देउता पुजिन्छ ठीक त्यसरी अहिले केही नेपाली नेताहरु बारम्बार प्रधानमंत्री हुनु देउतालाई पुन्नेसरह हो कि होइन भन्ने केलाउने बेला आएको छ। के क.पानबीर विश्वकर्मा र क. दानी थापाजस्ता योद्धाहरुले अध्यात्मवादी पार्टी नेपाली कांग्रेससंग सहकार्य गरेर बारम्बार ओलि र प्रचण्ड प्रधानमंत्री बनून भनेर आफ्नो जीवनको आहुति दिएका थिए ? कदापि होइन। यतिमात्र होइन, ओखलढुङ्गा काण्डमा मारिएका क्याप्टन यज्ञबहादुर थापाले पनि गिरिजा कोइराला र शेरबहादुर देउवा देश र जनताको भलो चिताउनुभन्दा प्रधानमंत्रीको कुर्सीको लागि कम्पीटिसन गर्ने छन् भन्ने कुरा कहिल्यै सोचेका थिएनन् होला। होइन भने सुनकोशीको किनारमै बन्दूक फालेर उनी आफ्नो घरतिर लाग्थे। क. दानी थापाहरु पनि आफ्नो घरगृहस्थीमा रमाउथे।

निरंकुश पंचायती व्यवस्था विरुद्ध यसरी बन्दूक उठाएका कांग्रेस र मालेले बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् पार्टीलाई पंचायतीकरण गरेपछि त्यसको जगमा जनयुद्ध जन्मेको हो भन्नु पर्दा कुनै अतिशयोक्ति नहोला। यो जनयुद्ध जन्माउनमा प्रचण्डको पार्टी नेकपा(माओवादी)ले मात्र भूमिका खेलेको हो भन्छ भने त्यो मार्क्सको ऐतिहासिक भौतिकवादको विपरित कुरा हुन जान्छ। ऐतिहासिक भौतिकवादले के भन्छ भने कुनै पनि बस्तुको वर्तमान इतिहासको अवशेष हो। यस अर्थमा मार्क्सवाद लेनिनवाद तथा मायोत्सेतुङ्ग विचारधाराको आधारमा नेपालजस्तो अर्द्धसामन्ती तथा अर्द्धऔपनिवेशिक मुलुकमा नयाँ जनवादी क्रान्तिद्वारा सत्ता हातमा लिने नेपालका क्रान्तिकारी कम्युनिष्टको आधारभूमि सिरहा पनि हो। जसको बारेमा काठमाडौंको वामवृत्तमा पात पनि रातो हुन्छ भन्ने कुराले पुष्टि गर्दछ। क. दानी थापाले आफ्नो वैभवपूर्ण जीवन तिनै नयाँ जनवादी क्रान्तिको लागि परित्याग गरेको तथ्य जगजाहेर छ। जसको जगमा जनयुद्ध भएको हो। होइन भने नेकपा(माओवादी) गठन हुन वित्तिकै उसको वरिपरि यतिको कार्यकर्ता लामबद्ध हुने थिएन। त्यो मार्क्सवादी दर्शन ऐतिहासिक भौतिकवादको देन हो र दानी थापा त्यसका जीता जागता प्रमाण हुन्। जनमोर्चा नेपाल माओवादीको भाइकामरेड नै हुन् भन्ने कुरा आतंकवादी विधेयकको विरुद्धमा एक्लो क. लिलामणि पोखरेलको गर्जनले तत्कालीन संसद गुंजमान भएकै हो। संसद र सांसदहरुलाई तताएकै हुन्।

**पार्टीगत स्वार्थ व्यक्तिगत स्वार्थमा रुपान्तरण :**

जसरी अध्यात्मवादले संसरभरि आफ्नो किला गारेको छ। दिनप्रति दिन अझ गड्डै गएको तथ्य अहिलेको भारतबाट बुझ्न सकिन्छ। ठीक त्यसरी नै त्यसको विपरित वादले त्यसलाई संसरभरि चुनौती दिइरहेका छन्। किनकि, न्यूटनको तेस्रो नियमले के भन्छ भने 'एभरी एक्सन हैज इक्वल एण्ड अपोजिट रिएक्सन।' अर्थात् कुनै पनि कार्यको प्रतिकार्य समान रुपले हुन्छ। कम्युनिष्ट पनि विश्वदर्शन भएकोले अध्यात्मले संसारभरि फैलाइएका अन्धविश्वास, भ्रम तथा गलत अवधारणाहरु विरुद्ध त्यसले त्यसलाई खण्डन मण्डन गरिरहेको छ। विज्ञानमूलक सोचलाई स्थापित गर्न भरमग्दूर प्रयास गरिरहेको छ। नेपाली क्रान्तिकारी कम्युनिष्ट आन्दोलनमा स्थापित यो तथ्यलाई आत्मसात गर्ने नेताहरुको कुनै कमी छैन। तर, त्यसलाई बंग्याउनेहरु पनि त्यतिकै छन्।

कम्युनिष्ट सिद्धान्तमा व्यक्तिगत स्वार्थको कुनै गुन्जाइस छैन। उसको लागि पार्टी नै सबै थोक हो। पार्टीले निस्वार्थ भावबाट देशको लागि काम गर्छ र राष्ट्र र राष्ट्रियताको हकमा कहिल्यै झुकदैन। कसैसंग सम्झौता गर्दैन। त्यसैले त क. दानी थापाले आफूलाई जन्माएको बुवासंग पनि सम्झौता गरेनन्। मजदूरीको लागि भैरहेको आन्दोलनमा आफ्नै खेतमा काम गर्न जानबाट मजदूरहरुलाई रोके। बुबाले पार्टीको निर्णय नमानुन्जेलसम्म मजदूरलाई खेतमा काम गर्न दिएनन्। पछि बुबाले बाध्य भएर पार्टीको माग मानेपछि मात्र खेतमा काम गर्न अनुमति दिए। त्यतिबेला उनी नेकपा(चौम) सिरहा जिल्लाका सचिव थिए। यस्तो अवस्थामा घरपरिवार उनीप्रति कति आक्रोश पोखेको होला भन्ने कुरा अहिले सोच्दा व्यक्तिगत स्वार्थ नै सबैथोक हो भन्ने सोच्नेहरुलाई पत्याउनै गाह्रो पर्छ। तर, क. दानी थापामात्र होइन यस्ता हजारौ निस्वार्थ कार्यकर्ताहरुले दिएको बलिदानबाट शोषित पीडितहरुले जो अधिकार प्राप्त गरेका छन् त्यो अहिले पनि आंशिक रुपमामात्र छ। यो आंशिकतालाई पूर्णतामा रुपान्तरण गर्ने अभिभारा बोकेकाहरु पद, पैसा र प्रतिष्ठामा निलिप्त भएपछि दानी थापाजस्तो निस्वार्थी नेताहरुको मानहानी हुन पुगेको हो। अहिले तराईमधेशमा स्कूलको पढाई छोडेर विदेश गैरहेका युवाहरुको आमाबुबाको कुरा सुनेर म जसरी छक्क पर्छु ठीक त्यसरी नै राजनीति सेवा होइन कमाउने धन्धा हो भन्ने टिप्पणीले वर्चश्व स्थापित गर्दै गरेको कुराले मलाई उद्वेलित पार्छ।

–बाँकी तीन पेजमा

## सन्दर्भः क.दानी ब. ...

पक्कै पनि यो सोचको बीजारोपण दलाल पूजिवाद र आसेपासे (क्रोनिक) पूजिवादबाट भएको हो भन्ने कुरामा कुनै दुईमत छैन। प्रश्न के हो भने हजारौ हजारले यही क्रोनिक क्यापिटल ल्याउन आहुति दिएका थिए त ? कदापि होइन। यदी होइन भने वामपंथीहरु सत्तामा पुग्दा यसका विरुद्ध के कस्ता कदमहरु चाले भन्ने प्रश्न नै अहम् हो। तर, अफसोच पार्टीगत सोचलाई ताकमा राखेर नेताहरु यति व्यक्तिवादी भए कि उनीहरु आफ्नोबाहेक अरुको बारेमा सोच्न फुर्सद नै पाएनन्। यदि त्यसो नहुँदो हो त ७० वर्षको हदम्यादलाई एमालेले किन खारेज गरे ? कं प्रचण्डमाथि क. प्रभाकरले किन प्रश्न तेर्स्याए ? शेरबहादुर पाँच पाँच पटक प्रधानमंत्री भैसकेको अवस्थामा छैठौ पटकको लागि किन सुरसार गर्दैछन् ? श्रमतीलाई विदेशमंत्री बनाउनुको अर्थ के हो ? गैरराजनीतिक पेशाबाट उक्लेका कोइरालाभाइ बहिनीहरुले खान्दानी विरासतको बलमा कसरी राजनीतिलाई आफ्नो पेवा बनाएका छन् ? जस्ता प्रश्नहरुले क. दानी थापा, क्यापटन यज्ञ बहादुर थापा तथा क. पानवीर विश्वकर्माको भावनामाथि कुठाराघात गरेकै हो।

**क. दानी थापा बाँचेका जीवन :**

क. निर्मल लामाको शब्दमा २००७ सालको क्रान्ति असफल क्रान्ति हो। यद्यपि उनी पनि त्यस क्रान्तिका अभिन्न अंग भएर सहभागिता जनाएका थिए। त्यही असफल क्रान्तिकालीन समयमा तत्कालीन सप्तरीको १० वटा प्रगन्नामध्ये रामपुर प्रगन्नामा पर्ने जमदह गाउँमा बुबा नन्दीलाल थापा तथा आमा नयन थापाको काँखबाट दानी बहादुर थापाको जन्म भएको थियो। जमिन्दार परिवारमा जन्मेका क. दानी थापाको लालन पालनमा कुनै कसर बाँकी राखिएनन्। उनी आफ्नो गाउँकै स्कूलबाट प्राथमिक तह पास गरेपछि सिरहा हाई स्कूलतिर लागे। त्यतिबेला सिरहा स्कूलको नाम श्रीचन्द्र हाई ईङ्गलिश स्कूल थियो। जो नेपालको पहिलो दरवार हाईस्कूल पछि दोस्रो हो। यो पंक्तिकार पनि त्यही स्कूलका उत्पादन हुन्। क. दानी थापा सिरहा स्कूलबाट मैट्रिक पास गरे र उच्च शिक्षाकालागि काठमाडौंतिर लागे। त्यतिबेला एसएलसीलाई फलामे ढोका भनिन्थ्यो। पास गर्न साह्रै मुश्किल थियो। मलाई लाग्छ त्यतिबेला यस भेकमा मुश्किलले एका दूका व्यक्ति मेट्रिक पास गरेको होलान। कतिसम्म भने दुई दुई सयको अंग्रेजी र गणित पढ्नु पर्थ्यो। दानीदाईभन्दा म धेरैपछि एसएलसी पास गरेको हूँ। तर कोर्स एउटै भएकोले मेरो बेलासम्म पनि एसएलसी फलामे ढोकासरह नै मानिन्थ्यो। मलाई याद छ मेरो बैचमा १२९ जना विद्यार्थी सम्मलित भएकोमा केवल १६ जना पास भएको थियो। ३ जना तेस्रो श्रेणी, १२ जना दोस्रो तथा ममात्र एक जना प्रथम श्रेणीबाट पास भएको थिएँ। जो कूलप्रतिशतको १३ हुन आउँछ। म कति इज्जत र प्रतिष्ठा पाएको थिएँ भन्ने कुरा मलाई याद छ। दानीदाइको पाला त झन् डा. बाबुराम भट्टराईको बैच हो। त्यस्तो परिस्थितिमा मैट्रिक पास गरेपछि घरपरिवारको इज्जत र प्रतिष्ठा पनि बढेको सबैले अनुभूत गरेको थिएँ। तर, घरपरिवारले प्राप्त गरेको प्रतिष्ठाप्रति उनले कहिल्यै चासो राखेनन् र पढ्दा पढ्दै कम्युनिष्ट आन्दोलनको संघर्षपूर्ण मैदनमा हाम फाले।

दानीदाईको यो संघर्षपूर्ण कदमलाई केहीमात्रले सराहना गरे। धेरैले खेदो नै खने। घरपरिवारदेखि गाउँसमाज सबैले दुस्साहसपूर्ण कदमको रुपमा व्याख्या गरे। किनकि, त्यतिबेला देशको अवस्था नै त्यस्तै थियो। राजनीतिक पार्टीहरु प्रतिबन्धित थिए। कम्युनिष्ट पार्टी छिन्नभिन्न अवस्थामा थियो। अधिकांश नेताहरु भागेर भारतमा शरण लिएका थिए भने सयौंलाई समातेर जेलमा बन्द गरिएको थियो। कांग्रेस भागे पनि कम्युनिष्ट पार्टीका नेता तथा कार्यकताहरु भूमिगत शैलीमा पार्टीको संगठन निर्माणमा लागेका थिए। यस्तो विषम परिस्थितिमा एउटा होनहार छोराले शिक्षाजस्तो पवित्र कामलाई बुर्जुवाशिक्षा भनेर तिलाञ्जली दिनु घरपरिपारको लागिमात्र होइन अपितु गाउँसमाजको लागि पनि अशोभनीयजस्तो थियो। तर, युवा मनले निर्णय लिइसकेपछि त्यसलाई फेरि फर्काउनु कति गाह्रो हुँदो रहेछ भन्ने कुरा दानीदाईको परिवारलाईमात्र थाहा हुन सक्छ। उनले आफ्नो परिवारको कुरा रतिभर सुनेनन्। पारिवारिक संस्कार र संस्कृतिको विपरित सोच भएको दर्शनलाई आफ्नो जीवनको पथ बनाउन पुगे। जीवन मार्ग बनाए।



अहिले पनि कतिपय व्यक्तिहरुले कम्युनिष्ट पार्टी गरिवगुरुवाहरुको हकमा काम गरेकोले धनीहरुको लागि मार्क्सवाद जहरको पुरिया हो भन्ने सोच रहेको पाइन्छ। तर, विश्वका एकजना धनाड्य व्यक्तिका दार्शनिक छोरा फ्रेडरिक एन्जेल्स कसरी मार्क्सवादको अभिन्न अंग बन्न पुगे भन्ने कुरा क. दानी थापालाई थाहा भएर नै कम्युनिष्ट दर्शन अंगाल्न पुगेको होला जस्तो लाग्छ मलाई।

तिनताक सिरहामा वर्ग संघर्षले चरम रुप धारण गरेको थियो। जिल्लाको उत्तरी भेकमा मजदूर आन्दोलनको नेतृत्व क. जयगोविन्द साह गरिरहेका थिए। उनको सानिध्यमा कामरडेहरु विष्णुलाल वाइवा, काजीलाल वाइवा, इन्द्रलाल लामा, महेन्द्रलाल लामा, भिखरु पसवान, रामकुमार यादव, विरबहादुर लामा, भालु राई, मनिलाल राई, सुवलाल राई, पुष्पलाल पाख्रीन, अविरमान थापा, सूर्यमान लामा, यमकुमार लामा, जगतनारायण साह तथा गुजन यादव लगायत व्यक्तिहरुले आ–आफ्नो गाउँठाउँबाट नेतृत्व दिइरहेका थिए। उनीहरुको बीचबाट नेकपा(चौम)ले क. दानी ब. थापालाई जिल्ला सचिवको जिम्मेबारी सौंपे। उनले जिम्मेबारी पाउनसाथ सिरहाली वाम आन्दोलनले दिन दुइ गुणा रात चौगुणाको दरले अभिवृद्धि गर्न थाल्यो। बोनी आन्दोलनले जोड पकड्न थाल्यो। सामन्तहरु थर्कमान भए। यसको मूलकारण उनको कार्यशैली थियो। उनी पार्टीको नीतिलाई बडो गम्भीरतापूर्वक अध्ययन गर्थे र त्यही अनुकूल लागू पनि गर्थे। उनको भूमिगत शैली आफ्नो नेता तथा केन्द्रीय सदस्य क. सूर्यनाथ रान यादवजस्तो थियो। त्यसैले सिरहा प्रशासनले बारम्बार उनको घर घेर्ने योजना बनाए पनि कहिल्यै पनि उनलाई फेला पार्न सकेनन। प्रहरी गाउँमा प्रवेश गर्न वित्तिकै उनी जंगलतिर टाप कस्थे। कतिखेर जंगल पस्थे कसैलाई थाहा हुँदैन्थ्यो। सुराकीको भरमा दानीलाई गिरफ्तार गर्न आएका प्रहरी निराश भएर फर्किन्थे। वास्तवमा त्यतिबेला अहिलेकोजस्तो प्रहरीको जालो थिएन। गोलबजारमा प्रहरी चौकी थिएन। सिरहामामात्र थियो। कहिले काही अस्थायी प्रहरी चौकीजस्तो खडा गरिन्थ्यो। कं जयगोविन्द साहको घरको अगाडि नै अस्थायी प्रहरी चौकी खडा गरेको इतिहास छ।

त्यतिबेलासम्म उनको विहेमात्र होइन बालबच्चासमेत भैसकेको थियो। तर, पारिबारिक बोझलाई उनले कहिल्यै पनि पार्टीमाथि लादेनन्। घरपरिवारको जिम्मा नै छोडे। धन्य उनकी जीवनसाथी जसले चारचारवटा छोराछोरीलाई हुर्काए र चेतनशील नागरिक बनाए। सामान्य गृहणी भएर पनि उनले आफ्नो जीवनलाई छोराछोरीहरुको पालनपोषणमा जसरी व्यतित गरे त्यही नै दानीदाईको लागि ठूलो उर्जा थियो। दानीदाईको भूमिगतकालको चर्चा मेरो गाउँ सन्हैठामा पनि हुने गर्थ्यो। त्यतिबेला म सिरहा स्कूलमा पढ्थे। हाम्रो गाउँका धेरै व्यक्तिहरुको खेतिपाती उनको गाउँ जमदह तेतरियातिर थियो जसलाई डोहट्य भनिन्थ्यो। मलाई याद छ मेरो हजुरबुबा पर्ने उत्तिमलाल यादवको खेती पनि दानीदाईको गाउँमा पर्ने हुनाले उनी औरदौर गरिरहन्थे। सम्भवतः उनको दोस्ती पनि दानीदाईको बुबासंग थियो। त्यसैले उनले यता घटेका घट्नाहरुको सविस्तार बखान गरेपछि हामी चंचले स्वभावका केटाकेटीहरु खुबै रमाएर सुन्थ्यौं। कसरी दानीले आफ्नै खेतमा मजदूरहरुलाई काम गर्न दिएनन् ? प्रहरी आएपछि एकछिनमै दानी कसरी वेपत्ता हुँदो रहेछन् ? यस्तो धनीको छोरा दुःखै दुःखको जीवन काटिरहेको हजुरबुबा उत्तिमलालको कुरा सुन्दा हामी अचम्भ मानेर सुन्थ्यौं।

एउटा अर्को संस्मरण पनि मसंग छ। मलाई नोकरीबाट इस्तफा गराएर कम्युनिष्ट आन्दोलनमा पूर्णकालीन बनाउने अहिलेका नेकपा(माओवादी केन्द्र) का उपमहासचिव गिरिराजमणि पोखरेल हुन्। तर, कम्युनिष्ट दर्शनबाट परिचित गराउने र यस विषयका प्रारम्भिक गुरु मेरो काका कमरेड रामकुमार यादव नै हुन्। उनको पहिलेको घर पनि सन्हैठा नै हो। जन्म पनि यही भएको हो। म हाईसकूल पढ्दासम्म उनको खेतीपातीको अवशेष सन्हैठामा छदै थियो। त्यसैले म बाल्यकालदेखि नै उनको घर धरमपुर कदिमाटोल आउने जाने गर्थे। एक पटक उनले मलाई कुरै कुरामा दानीदाईको छोरासंग आफ्नो छोरीको विहे गर्ने जिकिर गरे। त्यतिबेला उनको छोरी रेखा जन्मैकी थिइन। म आश्चर्यचकित भए। यस्तो पनि कही हुन्छ एउटा यादवको घरमा मगरको विहे ? तर कालान्तरमा बाल्यकालको यो अज्ञानता जीवनको अभिन्न अंग बन्न पुग्यो। वास्तवमा त्यतिबेला अन्तर्जातीय विवाहको बारेमा मलाई केही थाहा थिएन। तर, कम्युनिष्ट पार्टीमा जातपात हुँदैन। ठूलाबडा र सानातिना पनि हुँदैन। सबै समान हुन्छन् भन्ने सोच भएकोले नै होला काका कामरेडले त्यसो भनेका थिए। उनलाई कक्षा दिन आएका मोहनविक्रम सिंह, निर्मल लामा, कमल कोइराला, भरतमोहन अधिकारीहरुले यसरी नै प्रशिक्षित पारेका थिए। तर, काका कामरेड त दानीदाईको परिवारसंग आफ्नो बालबच्चाको अन्तर्जातीय विहे गरेनन् म भने आफै पनि अन्तर्जातीय विहे गरे र दुइटै छोरीहरुलाई पनि अन्तर्जातीय तथा अन्तर्सामुदायिक विहे गर्न कुनै बाधा व्याबधान खडा गरिन।

अन्त्यमा एक दिन लहानमा पार्टीको ठूलो कार्यक्रम थियो। हामी संगसंगै गोलबजारबाट हिड्यौं। दानीदाई चचेरा भाई पंचू थापाको मोटर साइकलमा थिए भन्ने कुरा म सम्झिरहेको छु। कर्यक्रम सकियो। हामी फर्कि सकेका थियौं गोलबजार। त्यतिबेला म मूलतः गोलबजारस्थित विश्वनाथदाईको घर तथा कहिलेकाही पार्टी कार्यालयमा बस्थे। उनीहरु फर्किन बेलामा धनगढीनिर मोटर साइकल दुर्घटनामा परे। मोटरसाइकल हाँकिरहेका भाई क. पंचू थापाको घट्नास्थलमा नै मृत्यु भयो। तर, घायल दानीदाईलाई बचाउन पार्टीले धेरै प्रयास गरे। हेलिकोप्टरबाट काठमाडौं लगियो। भनिन्छ उनी बाँचेर पनि मरे। कैयौं दिनसम्म होस नआएको बेला भाई पंचूको बारेमा थाहा हुने कुरै भएन। साथीहरुले पनि पंचूको बारेमा केही भनेनन्। पार्टीको नेतृत्व गरिरहेका क. विश्वनाथ शाह तथा काका क. रामकुमार यादवले निर्देशन नै दिएका थिए कि क. पंचूको बारेमा दानीदाईलाई केही पनि नभन्ने। तर, कुनै न कुनै कुनाबाट उनले पंचू घट्नास्थलमा नै मरेको सुइको पाए। भाई पंचूको मृत्यु भयो भन्ने दुःखद समाचार उनको शारीरिक अवस्था बिग्रन थाल्यो। पहिले त उनी मानसिक रुपमा थलिए। अन्ततोगत्वा भाईको यादमा प्राण त्यागे। यस्तो भातृप्रेम एउटा सही कम्युनिष्टमामात्र हुन सक्छन भन्नेहरु पनि अहिले थुप्रै छन्। यसले पनि के पुष्टि गर्दछ भने उनी विद्रोही स्वभावका व्यक्ति थिए। युवा अवस्थामा उनले घरपरिवार छोडेर गरेको विद्रोह आफैमा सम्झिने लायक हुन्। विद्रोही व्यक्ति भगत सिंह र दुगानन्द झाजस्तै इमान्दार हुन्छन्। भगत सिंहले अंग्रेजको संसदमा वम पड्काएर पनि भागेनन् तर राजा महेन्द्रमाथि बम हान्ने दुर्गानन्द झा भागेर पनि पुनः फर्के। विद्रोही स्वभावका व्यक्ति भावना प्रधान हुन्छन्। भावनात्मक बेगमा वग्छन्। यही भावनात्मक सोचले गर्दा दानीदाईले झण्डै बाँचेको जीवनलाई अन्त्य गरे। शब्दश्रद्धान्जली।

## समुदायमा संचालित...

सामाजिक कामको सह्राना गरे।

लेखाजोखा कार्यक्रममा धनगढीमाई नगरपालिकाका प्रमुख शिवशंकर महताले क्लवले समुदाय तहमा गरको कामको प्रस्तुती र त्यसमा भएका आयव्यय विवरणको प्रस्तुतीले पारदर्शिता, सुशासन र जवाफदेहीतालाई थप बल पुगेको चर्चा गर्दै समतामूलक विकास, गरिबी न्यूनीकरण, विभेदरहित समाजको निर्माण, सामाजिक रुपान्तरणको अभियानमा स्थानीय सरकार पनि सँगसँगै रहने उद्घोष गरे। 'सामाजिक सघ संस्थाले पनि सीमित स्रोत साधन परिचालन गरी जति सामाजिक सचेतीकरण र सशक्तिकरणको काम गरेका छन्, त्यो सह्रानीय छ' उनले भने 'हाम्रो नगरपालिकामा पनि दलित महिला सशक्तिकरण, दलित बालबालिकाको शिक्षामा पहुँच र सहभागिता, गरिब विपन्नको आयआर्जनका लागि बजेट र कार्यक्रम छुट्याएर काम गर्दैछौं' उनले भने।

कार्यक्रममा धनगढीमाई नगरकी उपप्रमुख संगिताकुमारी चौधरीले समुदाय स्तरीय कार्यक्रमको सरोकारवालाहरुको उपस्थितिमा गरिने प्रस्तुतीले पारदर्शिता र सुशासन बढ्ने भएकाले स्थानीय सरकारले पनि सिक्नु पर्ने आवश्यकता औंल्याइन्। 'समुदायमा छरिएर काम गर्नुभन्दा कुनै निश्चित क्षेत्रमा केन्द्रित भएर काम गर्दा अझ बढी नतिजामुखी काम गर्न सकिन्छ' उनले भनिन् 'परियोजना अन्तर्गत समुदायका लाभग्राहीले गरेका उत्पादनको गुणस्तर परीक्षण गरिए बजारीकरणमा पनि सघाउ पुग्ने र त्यसले पहिचानसहित आम्दानी बढाउन पनि सघाउँछ।'



बरियारपट्टी गाउँपालिकाकी उपाध्यक्ष ममताकुमारी यादवले गाउँपालिका क्षेत्रमा शिक्षा, स्वास्थ्य, कृषि लगायतको क्षेत्रमा क्लवले गरिरहेको कामको सह्राना गर्दै पारदर्शिताका लागि प्रशंसा गरिन्। 'पालिका क्षेत्रका गरिब, बिपन्न, दलित समुदायका लागि गरिरहेको काममा पालिकाले गर्नुपर्ने सहयोग गर्छौं' उनले भनिन्। औरही गाउँपालिकाकी उपाध्यक्ष रेणुकुमारी यादवले स्थानीय गरिब, दलित, हरवा चरवा, महिला सशक्तिकरणका लागि संचालित कार्यक्रमले समुदायमा परिवर्तन देखिन थालेको चर्चा गर्दै भनिन् 'आफूले आफैंलाई बदल्ने प्रयास गरौं, पालिका र सामाजिक संघ संस्थामार्फत् हुने कार्यक्रमले त्यसमा थप सघाउँछ।' लहान नगरपालिका २२ का वडाध्यक्ष श्यामकुमार अधिकारी र धनगढीमाई १० का वडाध्यक्ष सुरजकुमार महतोले क्लवमार्फत् समुदायमा संचालित कार्यक्रमको प्रशंसा गर्दै स्थानीय सरकारले पनि पारदर्शिता र सुशासनका लागि सामाजिक लेखाजोखाका लागि तयार रहेको बताए।

गैरसरकारी संस्था महासंघ सिरहा अध्यक्ष गोविन्दराज विष्टले सीमित स्रोतमा समुदायका लागि के के काम गरियो, कति खर्च भयो, त्यसको नतिजा कस्तो रह्यो लगायतका विषयहरु लक्षित समूह, सरोकारवाला निकायलाई राखेर पारदर्शी गर्नु अनुकरणीय रहेको र सुशासनका लागि जिल्लाका अन्य संस्था तथा सरकारी निकायले पनि त्यसो गर्नुपर्ने खाँचो औंल्याए। कार्यक्रममा क्लवको साझेदार संस्था वाटर एडका प्रतिनिधि कविन्द्र पुडासैनीले क्लवले संचालन गरेका क्रियाकलाप, त्यसको बजेट, खर्च सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक गरिनु पनि पारदर्शिताको नमूना हो भन्दै खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा लहानमा गरिएको कामको सिकाई अन्यत्र लैजानु पर्ने सुझाए। नेपाल पत्रकार महासंघ सिरहाका पूर्व अध्यक्ष दिनेश्वर प्रसाद गुप्ताले पारदर्शिता र सुशासनका लागि लेखाजोखा कार्यक्रम स्थानीय सरकारले पनि गर्नु पर्नेमा जोड दिए।

कार्यक्रममा समुदायका अगुवाहरु धनगढीमाई २ भवानीपुरकी फुलकुमारी मण्डल, औरही ५ की चाँदनी दास, लहान १ का छोटु सदाय, लहान १२ पडरियास्थित मा.वि.की शिक्षिका सुकुमाया रमौली लगायतले क्लवको सहयोगमा संचालित कार्यक्रमले व्यक्तिको व्यक्तिगत जीवन फेरिनुका साथै समुदायलाई जागरुक र सशक्त बनाउन सघाएको बताए। कार्यक्रममा स्थानीय अधिकार कार्यक्रम, विकन परियोजना, हरवा चरवा सशक्तिकरण कार्यक्रम र एकीकृत जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत समुदाय स्तरमा संचालित कार्यक्रम, उपलब्धि, असल अभ्यास र सिकाई, आगामी योजनाको विषयमा क्रमशः विनोद यादव, राजेश लोहनी, आशा विश्वकर्मा र लालप्रसाद पाखरेलले प्रस्तुतीकरण गरेका थिए भने प्रशासन तथा लेखा प्रमुख मानबहादुर आले मगरले चारवटै परियोजनाको सन् २०२३ को आम्दानी र खर्च विवरण प्रस्तुत गरेका थिए। क्लवका अध्यक्ष उमेशकुमार विसुन्केको अध्यक्षतामा भएको कार्यक्रम पत्रकार मणिलाल विश्वकर्माको उद्घोषण रहेको थियो भने कार्यकारी निर्देशक विनोदकुमार विसुन्केले सहभागीहरुलाई स्वागत गर्दै लेखाजोखा कार्यक्रमको औचित्य बारे प्रकाश पारेका थिए।

## पेट्रोलियम ...

त्यस्तै आन्तरिक हवाइ इन्धनको मूल्य प्रतिलिटर १२६ कायम भएको छ। अन्तर्राष्ट्रिय हवाइ इन्धनको मूल्य काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रतिकिलोलिटर ९६० अमेरिकी डलर र पोखरा तथा भैरहवामा ८६० रुपैयाँ प्रतिलिटर कायम गरिएको आयल निगमले जनाएको छ।

# आवधिक योजनाका आधारका बजेट निर्माणमा जोड दिनुपर्छ : मुख्यमन्त्री सिंह



**लक्ष्मी चौधरी**

जनकपुरधाम, १४ असोज। मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले आवधिक योजनाका आधारमा बजेट निर्माण तथा कार्यान्वयन हुन सके प्रदेश विकासमा सकारात्मक उपलब्धि प्राप्त हुने विश्वास व्यक्त गरेको छ। मधेश प्रदेश नीति तथा योजना आयोगद्वारा सोमबार जनकपुरधाममा आयोजित मधेश प्रदेशको दोस्रो आवधिक योजना आर्थिक वर्ष २०८१/२०८२-२०८५/२०८६ को परिमार्जित मस्यौदाउपरको छलफलमा मुख्यमन्त्री सिंहले सो कुरा उल्लेख गरेको हो। उनले योजनाअनुरूप बजेट विनियोजन गरिनु आर्थिक कार्यविधिसम्मत हुने हुँदा बजेट तर्जुमा गरिरहँदा आवधिक योजनालाई केन्द्रमा राख्नुपर्ने बताए।

आवधिक योजना पारित भएपछि त्यसमै टेकेर वार्षिक कार्यक्रम तथा बजेट विनियोजन हुनुपर्नेमा जोड आग्रह गर्नुहुँदै मुख्यमन्त्री सिंहलले आवश्यक र उचित विषय समाविष्ट गरी योजनालाई पूर्णता दिनुपर्ने बताए। उनले प्रदेशमा प्रहरी समायोजन नहुँदासम्म प्रदेश सरकार आफैँले सात-आठ हजारको संख्यामा प्रहरी भर्ना गर्ने विषय, प्रत्येक निर्वाचन क्षेत्रमा पालिकालाई केन्द्रित नमुना विद्यालय स्थापना गरी आधारभूत शिक्षाको गुणस्तर वृद्धि गर्ने प्रयास र मधेश विश्वविद्यालयबाट छोटो अवधिको व्यावसायिक तथा सीपमूलक शिक्षा उपलब्ध गराउने विषयलाई समेत आवधिक योजनामा समेट्नुपर्ने उल्लेख गरे।

छलफलकै क्रममा मुख्यमन्त्री सिंहले पूर्णतः औद्योगिक वातावरण सिर्जना गर्न बारा-पर्सा औद्योगिक कोरिडोरलाई औपचारिक रूपमै घोषणा गर्न प्रदेश सरकारले नै वैधानिक व्यवस्थाका बारेमा बुझ्ने काम भइरहेको भदै उनले प्रदेश सरकारले गर्न सक्ने अवस्था भएमा प्रत्येक जिल्लाका उपयुक्त स्थानलाई कोरिडोरका रूपमा घोषणा गरी विकसित गरिने जानकारी समेत दिए। उनले भने, "बाढी बस्तीमा नपसी बाढीग्रस्त क्षेत्रमा बस्ती विस्तार भएभैँ अहिले औद्योगिक क्षेत्रमा बस्ती विकास भइरहेको छ, यसले पनि उद्योग कलकारखाना सञ्चालन प्रभावित भएका छन्। त्यसकारण कानुनी रूपमै औद्योगिक कोरिडोर घोषणा गरी अघि बढ्नुपर्ने स्थिति छ।'

प्रदेशमा उद्योगधन्दा स्थापना गर्न जग्गाको उपलब्धता, अन्य भौतिक पूर्वाधार निर्माण तथा कर सहुलियतलगायतका विषयमा निजी क्षेत्रलाई प्रदेश सरकारले सहजीकरण गरी प्रोत्साहित गर्न सक्ने विषयमा समेत गृहकार्य गर्नुपर्ने बताए। समृद्ध मधेश, आत्मनिर्भर र सुखी मधेशी भन्ने दीर्घकालीन सोचका साथ मस्यौदा गरिएको आवधिक योजनामा समृद्धितर्फ सर्वसुलभ र उत्थानशील पूर्वाधार, मानवपूँजीको निर्माण र उपयोग, उच्च र दिगो उत्पादन र उत्पादकत्व, निजी क्षेत्र र विदेशी लगानीको वृद्धि, पूर्वाधारको विकास, सम्पदा र संस्कृतिमा आधारित पर्यटन, वित्तीय पहुँचमा सुनिश्चितता आदि सूचक राखिएका छन्।

त्यस्तै आत्मनिर्भरतर्फ कृषि, पशुपक्षी र मत्स्यजन्य उत्पादन तथा उत्पादकत्व, कृषिमा यान्त्रिकीकरण, लागतमा न्यूनीकरण, कृषिको विविधीकरण, व्यवसायीकरण र बजारीकरण, लघु, घरेलु तथा साना उद्योगमा उद्यमशीलता र स्वरोजगारी, खाद्य तथा पोषण सुरक्षा सूचक छन्। यसैगरी आवधिक योजनाको सुखीअन्तर्गतका सूचकमा परिष्कृत र मर्यादित जीवन, सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, स्वच्छ र सन्तुलित वातावरण, सुशासन, रोजगारी र स्वरोजगारी, शिक्षा र स्वास्थ्यमा सर्वसुलभ र समान पहुँच राखिएका छन्। कृषिमा सबलीकरण, उच्च मानव विकास सूचकाङ्कको प्राप्ति र सम्मानजनक रोजगारीमार्फत समृद्धि हासिल गर्ने लक्ष्यका साथ बनाइएको आवधिक योजनामा कृषि उत्पादनमा अभिवृद्धि गर्दै आत्मनिर्भरता हासिल गर्नु, गुणस्तरीय स्वास्थ्य र शिक्षाको विकास गर्दै रोजगारीको अवसर तथा सामाजिक न्याय कायम गर्नु, उद्योग, पर्यटन र बजार प्रवर्द्धन गर्नु र विकास तथा वातावरणबिच सन्तुलन कायम गर्दै वन, वातावरण, जलाधार तथा जैविक विविधताको संरक्षण एवम् सम्वर्द्धन र जलवायु अनुकूलन गर्नु उद्देश्य रहेको छ।

छलफलमा भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले दीर्घकालीन सोचको शीर्षकमा हेरफेर गरी आत्मनिर्भर मधेश, समृद्ध र सुखी मधेशी राख्नुपर्ने बताउँदै यसले मधेश प्रदेशको संघीयता अनुदानमा नभएर आत्मनिर्भरतामा आधारित हुने दृष्टिले कार्य अघि बढ्ने बताए। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जर्नादन सिंह क्षेत्रीले आवधिक योजनामा चुरे, नदी र चराका कुराहरू अटाउनुपर्ने बताए। उनले कृषि उत्पादन बढाउन सिँचाइका नयाँ प्रविधिमा आधारित योजना अघि बढाउन अध्ययन कार्य समेत आवधिक योजनाको हिस्सा बन्नुपर्ने उल्लेख गरे। गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले कोसी टप्पु वन्यजन्तु आरक्ष र पर्सा वन्यजन्तु राष्ट्रिय निकुञ्जमार्फत पर्यटन विकास लगायतका विषय आवधिक योजनामा समावेश गर्नुपर्ने बताए। छलफलमा शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारी, श्रम तथा यातायात मन्त्री कौशलकिशोर राय, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादव लगायतको सहभागिता रहेको थियो।

## प्रसाईविरुद्ध मुद्दा दर्ता

काठमाडौं, १४ असोज। दुर्गा प्रसाईविरुद्ध साइबर अपराध गरेको आरोपमा जिल्ला अदालत काठमाडौंमा दुईवटा साइबर अपराधको मुद्दा दायर भएको छ। साइबर ब्यूरोको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिलको कार्यालय जिल्ला अदालत काठमाडौमा दुईवटा मुद्दा दायर भएको हो। जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख सन्देश श्रेष्ठका अनुसार, सामाजिक सञ्जालमा एक महिलाको चरित्रहत्या गरेको आरोपमा एउटा मुद्दा दायर भएको हो। सामाजिक सञ्जालमार्फत चरित्रहत्यासँग सम्बन्धित अर्को मुद्दा पनि दर्ता भएको छ। अभियोगमा उनीमाथि अधिकतम अर्थात ५ वर्ष कैद र एक लाख रुपैंया जरिवानाको माग गरेको छ।

## पूर्वसूचना पाए पनि सरकार संवेदनशील नहुँदा ठूलो क्षति भयो : मानव अधिकार आयोग

काठमाडौं, १४ असोज। राष्ट्रिय मानव अधिकार आयोगले बाढी पहिरोबाट प्रभावितको उद्धार प्रभावकारी हुन नसकेको जनाएको छ। विभिन्न घटनास्थलमा अनुगमनका क्रममा सुरक्षा निकायबाट तदारुकताका साथ काम भए पनि उद्धार सामग्री पर्याप्त नहुँदा उद्धार कार्य प्रभावकारी हुन नसकेको, सरकारले घाइतेहरूको निःशुल्क उपचार गर्ने निर्णय गरे पनि सम्पूर्ण उपचार निःशुल्क हुन नसकेको देखिएको आयोगले जनाएको छ। यस्तै सुरक्षा निकाय तथा स्थानीयवासीबाट उद्धार गरी प्रभावितहरूलाई विभिन्न विद्यालय, सार्वजनिक तथा अन्य सुरक्षित ठाउँमा सामूहिक रूपमा राखिएको, उनीहरूलाई विभिन्न संस्था, निजी व्यवसायी, स्वयंसेवकहरूले खानाको व्यवस्था गरेको पाइएको छ। उद्धार गरी अस्थायी रूपमा प्रभावितहरूलाई राखिएका ठाउँहरूमा फोहोर र महामारी फैलिन सक्ने भन्दै स्थानीयवासीले हटाउन माग गरेको आयोगले जनाएको छ।

यस्तै उद्धार गरेर राखेको ठाउँमा शौचालय, पानी, बिजुली बत्ती, सञ्चार सुविधा तथा फोहोरमैला व्यवस्थापनमा समस्या देखिएको छ। ठूलो पानी पर्न सक्ने पूर्वानुमान भए पनि उद्धारका लागि सरकारी निकायबीच समन्वय, संवेदनशीलता र उद्धार सामग्री, उपकरण र प्रविधिको अभावका कारण सयौं व्यक्तिले ज्यान गुमाउनुपरेको पाइएको आयोगले जनाएको छ। आयोगले तत्कालै उद्धार, राहतको प्रभावकारी व्यवस्था मिलाउन, बेपत्ता भएकाहरूको खोजी कार्यलाई निरन्तरता दिन, घाइतेहरूको निःशुल्क उपचार गर्न, तथा बसोबासको व्यवस्था गर्न सरकारलाई आग्रह गरेको छ।

साथै प्रकृतिक विपद्पछि खाद्यान्नलगायत उपभोग्य सामग्रीमा हुनसक्ने कृत्रिम अभाव, अस्वाभाविक मूल्यवृद्धि र सङ्क्रामक रोगहरू फैलिन सक्ने अवस्थाप्रति सचेत रहन मानव अधिकार आयोगले सम्बद्ध सबै पक्षलाई आग्रह गरेको छ।

## तीन दिन राष्ट्रिय शोक घोषणा

काठमाडौं, १४ असोज। सरकारले बाढी, पहिरो र डुवानका कारण भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै तीन दिन राष्ट्रिय शोक घोषणा गरेको छ। सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारी निवास बालुवाटारमा बसेको बैठकले मंगलबारदेखि ३ दिन राष्ट्रिय शोक घोषणा गर्ने निर्णय गरेको सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जानकारी दिए। राष्ट्रिय शोकको समयमा सरकारी कार्यालयहरुको झण्डा आधा झुकाइनेछ तर सार्वजनिक बिदा हुने छैन।

# बाढी पहिरोबाट मधेशमा ६ सहित २ सयको मृत्यु

जनकपुरधाम, १४ असोज। मधेस प्रदेशमा बाढीका कारण मृत्यु हुनेको संख्या ६ पुगेको छ। मृत्यु हुनेमा एक बालिकासमेत रहेकी छिन्। मृत्यु हुनेमा महोत्तरी र रौतहटका दुई दुई तथा सप्तरी र सर्लाहीका एक एकजना रहेका छन्। बाढीले बगाउँदा दुईजना बेपत्ता छन् भने आठजना घाइते भएका मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक सुवासचन्द्र बोहोराले जानकारी दिए। बेपत्ता हुनेमा सर्लाही र पर्साका एक एकजना रहेका छन्। मधेसका आठ जिल्लामा बाढीबाट रु ५६ लाखको क्षति भएको छ।

बाढीबाट नौ पशुचौपाया समेत मरेका छन्। मृत्यु हुनेमा महोत्तरीको गौशाला नगरपालिका-८ का १६ वर्षीय रोहित साह र बर्दीबास नगरपालिका-११ का २१ वर्षीय मानबहादुर थिङ, सप्तरीको बलान बिहुल गाउँपालिका-४ घर भई हाल राजविराज नगरपालिका-८ मा बस्दैआएका आठ वर्षीय प्रिन्सकुमार साह, रौतहटको दुर्गाभगवती गाउँपालिका-४ का ३७ वर्षीय राजकुमार मुखिया र परोंहा नगरपालिका-७ की १४ वर्षीया आशाकुमारी साह तथा सर्लाहीको बलरा नगरपालिका-३ लक्ष्मीपुरका १२ वर्षीय अङ्कित ठाकुर रहेका छन्।

यसैगरी सर्लाहीको बागमती नगरपालिका-९ का १५ वर्षीय मुकेश महतो सोती खोलाले बगाउँदा बेपत्ता भएका छन्। पर्सामा एक बालिका बेपत्ता भएकी छिन्। आठ जिल्लामध्ये रौतहटमा तीन, सिरहामा एक, सर्लाहीमा एक तथा बारामा तीनजना घाइते भएका प्रहरी उपरीक्षक बोहोराले जानकारी दिए। बाढीबाट ९६ परिवारका चार सय ८८ जना विस्थापित भएका छन्। बाढीमा फसेका ३५ जनालाई उद्धार गरिएको छ। आजदेखि प्रदेशको जनजीवन सामान्य हुँदै गएको छ।

त्यस्तै नेपाल प्रहरीले दिएको जानकारी अनुसार गएको शुक्रबारदेखि आजसम्म विभिन्न जिल्लामा बाढी, पहिरो र डुबानमा परेर दुई सय जनाको ज्यान गएको छ। अझै २६ जना हराइरहेका छन्। एक सय २७ जना घाइते भएका प्रहरीले जनाएको छ। यस्तै विभिन्न ठाउँमा जोखिममा परेका र अलपत्र परेका चार हजार दुई सय जना २२ जनाको उद्धार गरिएको पनि प्रहरीले जनाएको छ। बाढी पहिरोमा परेर अहिलेसम्म १३ सय २७ वटा घर बगेका छन्।

यस्तै पाँच वटा पक्की पुल र तीन वटा बेलिब्रिजसहित १९ वटा पुल पनि बगेका प्रहरीले जनाएको छ। बाढी पहिरो प्रभावित कतिपय ठाउँमा अझै पनि सञ्चार सम्पर्क हुन नसकेकाले क्षतिको विवरण आउन नसकेको पनि प्रहरीले जनाएको छ।

## वडा अध्यक्ष र सचिवविरुद्ध मुद्दा दायर

काठमाडौं, १४ असोज। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनकपुर उपमहानगरपालिकाको वडा नम्बर २४ का वडा अध्यक्ष उपेन्द्र सहनी र वडा सचिव उपेन्द्र साहु तेलीविरुद्ध घुस लिएको आरोपमा मुद्दा दायर गरेको छ। अख्तियारले सहनी र तेलीले घर बाटो प्रमाणित गरिदिनको लागि सेवाग्राहीसँग ४ लाख ५० हजार घुस रकम लिएको अवस्थामा पक्राउ गरेको थियो। अख्तियारले सहनी र तेलीसहित विजय मण्डलले घुस रकम लिएको प्रमाणित भएकोले मुख्य आरोपी बनाउदै विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको जानकारी दिएको छ।

## चितवनमा दुई सय २९ जनामा स्क्रब टाइफसको सङ्क्रमण

चितवन, १४ असोज। चितवनमा साढे दुई महिनामा दुई सय २९ जनामा स्क्रब टाइफसको सङ्क्रमण देखिएको छ। सङ्क्रमितमध्ये खैरहनी नगरपालिका-२ मा एक जना महिलाको ज्यान गएको जिल्ला जनस्वास्थ्य कार्यालयले सार्वजनिक गरेको विवरणमा उल्लेख छ। जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत विमल पट्टेलले चितवनका विभिन्न अस्पतालमा साउन यता उपचारका लागि आएका एक हजार आठ सय १५ जना बिरामीको परीक्षणका क्रममा दुई सय ५९ जनामा स्क्रब टाइफसको सङ्क्रमण देखिएको जानकारी दिए। सङ्क्रमितमध्ये एक सय ३० जना चितवनमा रहेका छन् भने एक सय २९ जना जिल्लाबाहिरका रहेका उनले बताए।

यो रोग मुसा वा अन्य जीवजन्तुमा हुने सङ्क्रमित किर्नाले मानिसलाई टोकेपछि सर्ने गर्दछ। यसबाट सङ्क्रमण भएमा मानिसलाई उच्च ज्वरो आउने, आँखा रातो हुने, खोकी, बान्ता, पेट दुखाइ र पखालाले सताउने, सास फेर्न समस्या हुने, टाउ, जोर्नी र मांसपेशी दुख्ने, बिमिरा देखिने, टोकेको ठाउँमा कहिलेकाहीं कालो दागजस्ता लक्षण देखिने गर्दछन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)